Janata Bank

# डिपि अनलाईन सेवा(मेरो शेयर)का लागि आवेदन

| New Application | Password Reset |
|---|---|
| | |

***कृपया माग बमोजिम कोष्ठमा √ चिन्ह प्रयोग गर्नु होला ।***

मिति :
श्री जनता बैंक नेपाल लिमिटेड,
शंखमूलमार्ग , काठमाडौं ।

महाशय,
मेरो/हाम्रो नाममा त्यस बैंकमा डिपि/डिम्याट खाता रहेको र हाल उक्त खाताको विद्युतीय विवरण हेर्नको लागि सि.डि.एस.सि. लि.को अनलाईन ( विद्युतीय ) सेवा - मेरो शेयर आवश्यक परेकोले आवश्यक दस्तुर भुक्तानी लिई उक्त सेवा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु/ गर्दछौं ।
नामः ……………………………………………………………………………………………………

**हितग्राही खाता नं.**

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 3 | 0 | 1 | 2 | 2 | 0 | 0 | | | | | | | | |

“मेरो शेयर” सेवा सुचारुको लागि बैंकद्वारा प्रदान गरिने युजर नेम, पासवर्ड लगायतको जानकारी निम्न लिखित मेरो ईमेलमा उपलब्ध गराउँन मेरो/हाम्रो मञ्जुरी छ ।

**Email ID**

| |
|---|
| |

**कृपया ईमेल अंग्रेजी ठूलो अक्षरमा लेख्नु होला । Please use CAPITAL Letter for Email ID**

म/हामी माथि उल्लेखित सेवाका लागि हाल वा भविष्यमा लाग्ने शुल्क व्यहोर्न बैंकले सम्पर्क गरेको समयमा भुक्तानी गर्न मञ्जुरी दिन्छु/दिन्छौं । मैले/हामीले बैंकको डिपि अनलाईन सेवा सञ्चालन सम्बन्धी यस आवेदन फारमको पछाडी उल्लेखित शर्त र नियमहरु पढें/पढ्यौं,बुझें/बुझ्यौं तथा ती शर्त र नियमहरुको सधैं पालना गर्न मेरो/हाम्रो मञ्जुरी छ ।

**जनता बैंक नेपाल लि. (यसपछि “बैंक” भनिएकोछ) र ग्राहक बिच डिपि अनलाईन सेवा प्रदान तथा प्रयोग गर्ने बारेमा भएको सहमति एवं तत्सम्बन्धमा तोकिएको शर्त तथा नियमहरु :**

बैंकले प्रदान गरेको डिपि अनलाईन सेवा सुविधासँग सम्बन्धित निम्न शर्त तथा नियमहरु पालना गर्न बैंक तथा ग्राहक आपसमा सहमत भएका छन् ।

१. ग्राहकले माथि उल्लिखित सेवा सुविधाहरु उपयोग गर्ने सिलसिलामा बैंकलाई उपलब्ध गराएको/गराउने जानकारीहरु सत्य, तथ्य, पुर्ण, प्रासंगिक र अद्यावधिक छन् ।

२. ग्राहकलाई यो तथ्य मञ्जुर छ की, उपलब्ध सेवाहरु ग्राहकको एकल प्रयोगका लागि हुन् र ग्राहकले दुर्घट्नावश, लापरवाही वा अनधिकृत रुपमा तेश्रो पक्षलाई जानाजान वा अज्ञानतावश यूजर नेम (User name) र पासवर्ड उपलब्ध गराएका कारणले हुने क्षति वा नोक्शानी प्रति बैंकको कुनै उत्तरदायित्व तथा जवाफदेहिता हुने छैन । सम्बन्धित ग्राहकले नै यूजर नेम र पासवर्ड प्रयोग गरेको हो वा होईन भन्ने बारेमा निक्योल गर्न बैंक बाध्य हुने छैन । यूजर नेम र पासवर्ड मिलेको खण्डमा सो को प्रयोग असल मनशायले गरिएको हो भनी मानिनेछ ।

३. ग्राहकले अन्य कुनै पनि ब्यक्तिलाई उल्लिखित सेवा सम्बन्धी आफ्नो यूजर नेम र पासवर्ड प्रयोग गर्न दिने छैन । कुनै तेश्रो पक्षले ग्राहकको स्वीकृतिबिना यी सेवाहरु गरेमा ग्राहक स्वयमले नै प्रयोग गरेको मानिनेछ ।

४. बैंकले अनलाईन मार्फत् ग्राहकलाई आफ्नो यूजर नेम र पासवर्ड प्रयोग गर्न दिएको मार्ग निर्देशन ग्राहकलाई पूर्ण रुपमा मान्य तथा स्वीकार्य हुनेछ । यस्ता यूजर नेम ग्राहकको अनलाईन परिचयको रुपमा रहनेछ । ग्राहकको यूजर नेम र पासवर्ड प्रयोग गरी बैंकलाई दिईएको निर्देशनलाई ग्राहकबाट नै जारी गरिएको साँचो तथा वास्तविक निर्देशन मानिनेछ र यसको कार्यान्वयनबाट उत्पन्न हुने सम्पूर्ण प्रकारको दायित्वहरु वहन गर्ने जिम्मेवारी तथा जवाफदेहिता ग्राहकको नै हुनेछ । ग्राहकले आफ्नो पासवर्ड कुनै पनि बेला परिवर्तन गर्न सक्नेछ, तर यस्तो परिवर्तन बैंकले स्वीकार गरेपछि मात्र लागु हुनेछ ।

५. अनलाईन मार्फत् उपलब्ध गराईएको खाता वा कारोबार सम्बन्धी सूचना सन्दर्भ/जानकारीकालागि मात्र हो र उपलब्ध गराईएको सूचना र बैंकको अभिलेखमा भएको सूचनाका बिचमा कुनै फरक पर्न गएमा बैंकमा रहेको अभिलेखलाई नै आधिकारिता दिईनेछ ।

६. ग्राहकको यूजनर नेम र पासवर्ड प्रयोग गरी कुनै पनि गैर कानुनी तथा जालसाँजीयूक्त तरिकाले अनधिकृत कारोबार भए गरेमा विद्युतीय अपराध वा ह्याकिङ्ग (Hacking) का लागि बैंक जिम्मेवार तथा उत्तरदायि हुनेछैन ।

७. कुनै पनि कम्प्यूटरभाइरस वा अन्य विध्वंसात्मक कार्यले ग्राहकको हार्डवेयर, सफ्टवेयर र कम्प्यूटरमा पुग्न गएको क्षति वा नोक्शानी प्रति बैंक जिम्मेवार हुनेछैन ।

८. प्रचलित कानुन अनुसार ग्राहक सम्बन्धी सूचना कुनै पनि ब्यक्ति वा संस्था वा अन्य कुनै तेश्रो पक्ष समेतलाई उपलब्ध गराउनकालागि बैंकमा अधिकार सुरक्षित रहेको छ ।
९. पब्लिक लिमिटेड/प्राईभेट लिमिटेड/पार्टनरशीप फर्मको हकमा ग्राहक यो घोषणा गर्दछ कि सम्पूर्ण कारोबारहरु सम्बन्धित कम्पनीको सञ्चालक समितिबाट वा साझेदारी समूहबाट स्वीकृतका हुन । खाता खोल्दा पेश गरिएको सञ्चालक समितिको वा साझेदारीको निर्णयले यस्ता कारोबार गर्न बन्देज लगाएका छैनन् ।

<u>बचाऊ :</u>
ग्राहकको सही यूजर नेम र पासवर्ड प्रयोग गरी प्राप्त भएको निर्देशन असल मनशायबाट बैंकले कार्यान्वयन गर्दा वा नगर्दा बैंकलाई हुन/पर्न जाने कुनै पनि हानी, नोक्शानी, क्षति, कारवाही, मुद्दा मामिला ईत्यादिबाट ग्राहकले बैंकलाई सोबाट उत्पन्न हुने दायित्वबाट मुक्त (Indemnify) राख्नेछ । साथै, ग्राहकको लापरवाही वा आफ्नो यूजर नेम र पासवर्डको सुरक्षा गर्न नसकेका कारणले ग्राहकलाई हुन/पर्न जाने कुनै पनि किसिमको हानी, नोक्शानी, क्षति प्रति बैंक जवाफदेही तथा जिम्मेवार हुनेछैन ।

<u>आकर्षित् हुने कानुन :</u>
यस सम्झौताका कारणले उत्पन्न हुने कुनै पनि विवाद, यस सम्झौता लेखिएका शर्त तथा बन्देजहरु र नेपाल सरकारका प्रचलित ऐन, कानुन बमोजिम समाधान गरिनेछ ।
निवेदक यो स्वःघोषणा गर्दछ कि निवेदकले उल्लिखित शर्त तथा नियमहरु राम्ररी पढी वाची सो को अर्थ, मतलव र परिणाम समेत जानी बुझि सो शर्त बन्देजहरु प्रति पूर्ण रुपमा सहमत तथा मञ्जुर गर्दछ ।

**हितग्राहीको दस्तखत/छाप**

| |
|---|
| |